(ट) यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कक्षा लिने र किशोरावस्थाको शारीरिक, मानसिक परिवर्तनको अवस्था प्रजनन अंगको सरसफाई, परिवार नियोजन र यौन, लैंगिकतामा उत्सुकताका विषयमा उचित परामर्श,सल्लाह तथा सुझाव दिने,

(ठ) विद्यालय स्वास्थ्य अवस्थाको अभिलेख राख्ने सो को प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्था निकाय तथा समितिलाई जानकारी गराउने,

(ड) विद्यार्थीलाई थप उपचार आवश्यक भएमा स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरि उपचार गराउने वा रिफर गर्ने,

(ढ) समुदायमा आधारित स्वास्थ्य जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

(ण) विद्यालय स्वास्थ्य इकाई निर्माण गरी विद्यार्थीलाई मानसिक समस्या र स्वास्थ्य सम्वन्धी आवश्यक परामर्श दिने,

(त) नियमित रुपमा सरसफाईको व्यवस्थाको पहल गर्ने,

(थ) संघ/प्रदेश/स्थानिय सरकारद्वारा संचालित अन्य क्रियाकलापहरु संचालन गर्ने, गराउने,

(द) स्वास्थ्यसंग सम्वन्धित विषयको अध्ययन तथा अनुसन्धानमा सहभागी हुने वा गर्ने,

(ध) दफा ९ बमोजिमका विद्यालय स्वास्थ्य कार्यक्रमहरुको व्यवस्थापन र संचालन गर्ने,

(न) स्वास्थ्य सेवा संग सम्वन्धित अन्य आवश्यक क्रियाकलाप गर्ने ।

१८. पारिश्रमिक भुक्तानी: विद्यालय नर्सको पारिश्रमिक सम्वन्धित विद्यालयको खाता मार्फत चौमासिक रुपमा भुक्तानी गर्नु पर्नेछ ।

१९. करार अन्त्य: विद्यालय नर्सको कार्य सन्तोषजनक नभएको भनी सम्वन्धित विद्यालयले सिफारिश गरेमा निर्देशनालयले आवश्यक छानविन गरी त्यस्तो सेवा करार सम्झौता जुनसुकै समयमा भङ्ग गरी निजलाई हटाउन सक्नेछ । तर हटाउनु अघि निजलाई सफाइको मौका दिनुपर्नेछ ।

२०. कार्यक्रम संचालन हुने निकाय: निर्देशनालयको संयोजकत्वमा प्रदेशका माध्यमिक तहका विद्यालयमा कार्यक्रम संचालन गरिनेछ ।

२१. कार्यक्रम संचालन प्रक्रिया: प्रचलित कानुन बमोजिम योग्यता पुगेका व्यक्तिलाई कानूनी प्रकृया पुरा गरी स्टाफ नर्स/अ.न.मी. को नियुक्ति तथा परिचालनको काम निर्देशनालयले गर्नेछ ।

